"विकास र संमृद्धिको आधार: हरित, कृषि, जलश्रोत, पर्यटन र पूर्वाधार"

# आठौ जिल्ला सभा इलाम

कोशी प्रदेश, नेपाल

सभा सञ्चालन मिति २०८१।०६।९ र १० गते

## जिल्ला सभाका सम्पुर्ण सदस्यज्यू हरु

नेपालको संविधानको धारा २२० बमोजिम गठन भएको जिल्ला सभाको समग्रमा आठौँ बैठकको कारवाही प्रारम्भ हुन्छ।

सभाको प्रारम्भमा राष्ट्र निर्माण, मुलुकको युगान्तकारी परिवर्तनका लागि विभिन्न कालखण्डमा भएका ऐतिहाँसिक आन्दोलनहरुमा प्राण उत्सर्ग गर्ने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धा सुमन अर्पण गर्न १ मिनेट उठेर मौन धारण गरि दिन हुन सवैमा अनुरोध गर्दछु।

नेपालको संविधानको धारा २२० मा जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरु विच समन्वय गर्न एक जिल्ला सभा रहने र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९६ उपदफा १ मा जिल्ला सभाको बैठक बर्षमा कम्तिमा एक पटक बस्नेछ भन्ने संवैधानिक तथा कानुनी व्यवस्था अनुरुप आव्हान भएको यस गरिमामय जिल्ला सभा बैठकमा उपस्थित सवै सदस्यज्यू लाई हार्दिक स्वागत गर्दछु।

अव म बैठकको कार्यसुची तर्फ प्रवेश गर्दछू। बैठकको पहिलो चरणमा कार्यसुचीमा उल्लेख भए बमोजिमका प्रस्तावहरु प्रस्तुत हुनेछन भने दोश्रो चरणमा प्रस्तुत प्रस्तावहरु उपर छलफल र सो सम्वन्धमा आवश्यक निर्णय हुनेछ।

१. म कार्यसूचीमा उल्लेख भए बमोजिम पूर्वाधार विकास समितिका संयोजक श्री रण बहादुर राइज्यूलाई पूर्वाधार विकास समितिको प्रतिवेदन सभामा प्रस्तुत गर्न समय दिन्छु।

२. म कार्यसूचीमा उल्लेख भए बमोजिम सामाजिक विकास समितिका सदस्य श्री कुश बहादुर थेवेज्यूलाई सामाजिक विकास समितिको प्रतिवेदन सभामा प्रस्तुत गर्न समय दिन्छु।

३. म कार्यसूचीमा उल्लेख भए बमोजिम आर्थिक विकास समितिका संयोजक श्री हेमन्त राइज्यूलाई आर्थिक विकास समितिको प्रतिवेदन सभामा प्रस्तुत गर्न समय दिन्छु।

४. अव कार्यसुचीमा उल्लेख भए बमोजिम जिल्ला सभाको आ.व. २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम सभामा प्रस्तुत गर्न जिल्ला समन्वय समितिका उप प्रमुख श्री चित्रकला वराइलीज्यू लाई समय दिन्छु।

५. अव म कार्यसुची बमोजिम जिल्ला समन्वय समितिको तर्फबाट र विषेश प्रस्तावहरु सभामा प्रस्तुत गर्न जिल्ला समन्वय समितिका सदस्य श्री मीना कुमारी राई लाई समय दिन्छु

६. अव कार्यसुचीमा उल्लेख भए बमोजिम जिल्ला समन्वय समितिको आ.व. २०८०/०८१ को आय र व्ययको यथार्थ विवरण तथा आ.व. २०८१/०८२ को आय र विनियोजन प्रस्ताव सभामा प्रस्तुत गर्न जिल्ला समन्वय समितिका सदस्य श्री प्रेम राज गुरुङ लाई समय दिन्छू।

सभा सञ्चालन मिति २०८१।०६।९ र १० गते

७.  अव म कार्यसुची बमोजिम जिल्ला समन्वय समितिबाट आ.व. २०८०/०८१ मा सम्पादित मुख्य मुख्य कार्यहरुको विवरण सभामा प्रस्तुत गर्न जिल्ला समन्वय समिति सदस्य श्री सीता कार्कीलाई समय दिन्छू ।

८.  अव म कार्यसुची बमोजिम जिल्ला समन्वय समितिको कार्यालयबाट आ.व. २०८१/०८२ का लागि प्रस्ताव गरिएको आन्तरिक आयको दर रेट निर्धारण सम्वन्धि प्रस्ताव सभामा प्रस्तुत गर्न जिल्ला समन्वय समितिका सदस्य श्री सपना देवी राईलाई समय दिन्छु ।

९.  अव म जिल्ला समन्वय समितिको तर्फबाट सभामा पेश गरिएको प्रस्तावहरु उपर आ-आफ्ना राय सुझावहरु राख्दै छलफलमा भाग लिन समय दिन्छु ।

१०.  अव म जिल्ला समन्वय समितिबाट पेश गरिएका तपशिल बमोजिमका प्रस्तावहरु सदस्यहरुका रायसुझाव समेत समेटी सभाको स्विकृति का लागि निर्णयार्थ पेश गर्दछु । प्रस्तावको पक्षमा हुने सदस्यहरुले हुन्छ भन्नुहोस र प्रस्तावको विपक्षमा हुने सदस्यहरुले हुन्न भन्नुहोस ।

क) जिल्ला सभाको आ व २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम

ख) जिल्ला समन्वय समितिको तर्फबाट पेश भएको बिषेश प्रस्ताव

ग)  जिल्ला समन्वय समितिको आय व्यय विवरण तथा विनियोजन प्रस्ताव

घ) जिल्ला समन्वय समितिबाट आ.व. २०८०/०८१ मा सम्पादित मुख्य मुख्य कार्यहरुको विवरण

ङ) आ.व. २०८१/०८२ का लागि प्रस्ताव गरिएको आन्तरिक आयको दर रेट निर्धारण सम्वन्धि प्रस्ताव ।

च) पुर्वाधार विकास समिति सामाजिक विकास समिति तथा आर्थिक विकास समितिको प्रतिवेदन

११.  हुन्न भन्ने आवाज नसुनिएको हुँदा जिल्ला सभाको आ. व. २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम, जिल्ला समन्वय समितिको तर्फबाट पेश भएको बिषेश प्रस्ताव, जिल्ला समन्वय समितिको आय व्यय विवरण तथा विनियोजन प्रस्ताव,  जिल्ला समन्वय समितिबाट आ.व. २०८०/०८१ मा सम्पादित मुख्य मुख्य कार्यहरुको विवरण,  आ.व. २०८१/०८२ का लागि प्रस्ताव गरिएको आन्तरिक आयको दर रेट निर्धारण सम्वन्धि प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा गर्दछू ।

१२.  अव म सभाका सदस्यहरुलाइ आफ्ना कुराहरु राख्न समय दिन्छु

१३.  जिल्ला सभाको बैठकमा उपस्थित भइ सकृय सहभागिता जनाउनु हुने सवैमा हार्दिक धन्यवाद दिदै आठौँ जिल्ला सभा बैठक यहि अन्त्य भएको घोषणा गर्दछू ।

"विकास र संमृद्धिको आधार: हरित, कृषि, जलश्रोत, पर्यटन र पूर्वाधार"

# आठौ जिल्ला सभा इलाम

कोशी प्रदेश, नेपाल

सभा सञ्चालन मिति २०८१।०६।९ र १० गते

## जिल्ला सभा बैठकको कार्यसुची

मिति २०८१/०६/०९

| क्र.सं. | कार्य सुची | कार्यसुची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| १ | बैठक संचालन | सभाध्यक्ष श्री जय प्रकाश राई | |
| २ | पुर्वाधार विकास समितिको प्रतिवेदन | संयोजक श्री रण बहादुर राई | |
| ३ | सामाजिक विकास समितिको प्रतिवेदन | सदस्य श्री कुश बहादुर थेवे | |
| ४ | आर्थिक विकास समितिको प्रतिवेदन | संयोजक श्री हेमन्त राई | |
| ५ | जिल्ला सभाको आ व २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम | जिसस उप प्रमुख श्री चित्रकला वराइली | |
| ६ | बिषेश प्रस्ताव | जिसस सदस्य श्री मीना कुमारी राई | |
| ७ | जिल्ला समन्वय समितिको आय व्यय विवरण तथा विनियोजन प्रस्ताव | जिसस सदस्य श्री प्रेमराज गुरुङ | |
| ८ | जिल्ला समन्वय समितिबाट आ.व. २०८०/०८१ मा सम्पादित मुख्य मुख्य कार्यहरुको विवरण | जिसस सदस्य सीता कार्की | |
| ९ | आ.व. २०८१/०८२ का लागि प्रस्ताव गरिएको आन्तरिक आयको दर रेट निर्धारण सम्वन्धि प्रस्ताव | जिसस सदस्य श्री सपना देवी राई | |
| १० | प्रस्तुत प्रस्तावहरु उपर छलफल | | |
| ११ | प्रस्तावहरु निर्णयार्थ प्रस्तुत | | |
| १२ | जिल्ला सभा बैठकको समापन | | |

"विकास र संमृद्धिको आधार: हरित, कृषि, जलश्रोत, पर्यटन र पूर्वाधार"

# आठौ जिल्ला सभा इलाम

कोशी प्रदेश, नेपाल

सभा सञ्चालन मिति २०८१।०६।९ र १० गते

**आठौँ जिल्ला सभाबाट पारित जिल्ला समन्वय समितिको २०८१/०८२ को बार्षिक नीति र कार्यक्रम**

१. जिल्लाको समग्र विकास सम्वन्धि जिल्लास्तरिय नीति र मापदण्ड तर्जुमा गरी स्थानीय तह मार्फत कार्यान्वयन गर्न सहजिकरण गरिनेछ।

२. जिल्ला भित्रका दुई वा सो भन्दा बढी स्थानीय तहका वीचका रणनीतिक महत्वका आयोजना तथा परियोजनाको पहिचान गरी सो को कार्यान्वियनमा सहजिकरण तथा समन्वय गरिनेछ।

३. जिल्लाको गौरव तथा दुई वा सो भन्दा बढी स्थानीय तहका रणनीतिक महत्वका आर्थिक, सामाजिक, पर्यटन तथा वातावरणीय सुधार र सुशासन क्षेत्रका आयोजना एवम् परियोजनाहरुको पहिचान गर्ने, लगानीको रणनीतिक योजना तर्जुमा गर्ने र नेपाल सरकार, प्रदेस सरकार, स्थानीय तह, गैर सरकारी संघ संस्था तथा निजी क्षेत्र वीच आवश्यक समन्वय गरिनेछ।

४. जिल्ला भित्रको विकास तथा निर्माण सम्वन्धि कार्यमा स्थलगत, समुदायगत, विषयगत, क्षेत्रगत र पर्यावरणीय सन्तुलन तथा प्रतिफल प्राप्न भए/ नभएको सम्वन्धमा अध्ययन, अनुसन्धान एवम् अनुगमन गरि विकास निर्माण सम्वन्धि कार्यमा सन्तुलन कायम गर्न सहजिकरण गरिनेछ।

५. जिल्ला भित्रको प्राकृतिक श्रोत साधनको दिगो उपयोग, वातावरणीय तथा पर्यावरणीय प्रभाव मुल्याँकन, प्रकोप तथा विपद व्यवस्थापन सम्वन्धि अध्ययन, अनुसन्धान गर्ने र अन्तर स्थानीय तह विचका त्यस्ता योजना र कार्यक्रमको संचालन तथा व्यवस्थापन गर्न समन्वय गरिनेछ।

६. जिल्ला भित्रका नेपाल सरकार तथा प्रदेस सरकारका विषयगत कार्यालयहरुबाट भइरहेका चालु योजना र कार्यक्रमहरु सम्वन्धित स्थानीय तहसँगको समन्वयमा भए नभएको, दिगो विकास लक्ष्य प्राप्तिमा योगदान भए नभएको, तथा सेवाको गुणस्तर परिणाम र समय कायम भए नभएको विषयमा अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गरिनेछ।

७. जिल्लामा पर्यटन विकासको सन्दर्भमा पर्यटन पुर्वाधारको निर्माण दृष्यावलोकन साहाशिक तथा खेल पर्यटनका क्षेत्रको पहिचान तथा प्रचार, सामाजिक, साँस्कृतिक र धार्मिक पर्यटकीय गन्तव्य क्षेत्र पहिचान तथा प्रवर्द्धन, विभिन्न जाती जनजातिका पहिचान झल्कने विषयको प्रवर्द्धन गर्दै पुर्वि नेपालको पर्यटकिय केन्द्र निर्माण गर्नका लागि संघ, प्रदेस, स्थानीय तह, पर्यटनसँग सम्वन्धित संघ संस्थाहरु, निजी क्षेत्र र पर्यटन व्यवसायीहरुसँग आवश्यक समन्वय गरी पर्यटन मैत्री वातावरण निर्माण गर्न आवश्यक सहजिकरण गरिनेछ।

८. जिल्ला भित्र नागरीकहरुको स्वास्थ्य सेवा प्राप्तिको पहूँच वृद्धि गर्न, भएका स्वास्थ्य संस्थालाई भौतिक तथा प्राविधिकरुपमा स्तरीकरण गर्दै सम्पूर्ण स्थानीयतहहरुमा शिलान्यास भई निर्माण कार्य भइरहेका तथा निर्माण सम्पन्न भईसकेका अस्पतालमा जनशक्तिको व्यवस्थाको लागि संघीय तथा प्रदेश सरकार संग आवश्यक समन्वय गरिने छ।

९. जनस्वास्थ्य प्रवर्द्धन गर्न नसर्ने रोग तथा मानसिक स्वास्थ्य कार्यक्रम अभियानको रुपमा संचालन गर्न अन्तर तह समन्वय र सहकार्य गरि बहुक्षेत्रीय कार्ययोजना कार्यान्वयन गर्दै स्वस्थ गाउँ/नगर निर्माण गर्न संस्थागत संरचना निर्माण र इलाम अस्पतालमा कम्तिमा महिनाको एक पटक विशेषज्ञ मानसीक रोगको चिकित्सा सेवाको व्यवस्था मिलाउन पहल गरिने छ।

सभा सञ्चालन मिति २०८१।०६।९ र १० गते

१०. कृषि उपज (खाद्दान, तरकारी, फलफुल, नगदे बाली ) उत्पादन बृद्धि गर्नको लागि उर्वर खेतीयोग्य जमिन पहिचान गरी माटो र वातावरण सुहाउँदो खेतीवाली लगाई कृषिमा आत्मनिर्भर बनाउदै व्यवसायिकता भित्राउन दक्ष जनशक्तिको व्यवस्थापन,कृषि बजार र शितभण्डारको स्थापना, सिचाइ सुविधा विस्तार र उन्नत कृषि प्रणालीको विकास इलाम जिल्लालाई बिषादि रहित जिल्ला घोषणा गर्न आवश्यक सहजिकरण गरिनेछ।

११. जिल्लाको सन्तुलित एवं समग्र विकासका लागि विपन्न महिला, बालबालिका, दलित, आदिवासी,जनजाति, पिछडा वर्ग लगायत लक्षित समुदायको नेतृत्व विकास तथा सिप विकासका कार्यक्रमहरु संचालन गरी क्षमता विकास गर्न जोड दिइने छ।

१२. जिल्लास्तरिय अन्तरपालिका खेलकुद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गरि उत्तम अभ्यासको प्रवर्द्धन तथा अन्तर पालिकाबिच विकासमा सकारात्मक प्रतिष्पर्धालाई प्रोत्साहित गरिनेछ।

१३. जिल्ला भित्र प्रचलनमा रहेको भाषा, कला, संस्कृतिको खोज, अध्ययन तथा अनुसन्धान गर्न स्थानीय तह तथा प्रदेस सरकार वीच समन्वय गरिनेछ।

१४. जिल्ला भित्र नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन र बिक्री वितरणलाइ नियमित वनाउन प्रभावकारी अनुगमन प्रणालीको विकास गरिनेछ।

१५. नविनतम सुचना प्रविधिको प्रयोग गरी जिल्ला तहको जनसाँख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक,भौतिक पुर्वाधार, रोजगारीको अवस्था, कुल गार्हस्थ उत्पादन,प्रतिव्यक्ति आय, मानव बिकास तथा लैंगिक सशक्तिकरण सुचकांक, राजस्व तथा आय-व्यय समेतको तथ्यांक संकलन गरी अभिलेख राखिने छ। जिल्ला पार्श्वचित्र श्रोत नक्सा भौगोलिक सुचना प्रणालीको अभिलेख राखिनेछ।

१६. जिल्ला भित्रका सवै गाउँपालिका तथा नगरपालिकाले तर्जुमा गरेका स्थानीय कानुनहरुको जिल्ला समन्वय समितिको कार्यालयमा अभिलेख राखिनेछ।

१७. जिल्ला भित्र कुनै प्राकृतिक प्रकोप, दुर्घटना वा कुनै विपद देखा परेका वखत प्रकोप तथा विपद व्यवस्थापनमा जिल्ला स्थित सरोकारवालाहरु वीच आवश्यक समन्वय गरी एकिकृत ढंगले कार्यक्रम संचालन गर्न पहल गरिनेछ।

१८. समग्र जिल्लाको शैक्षिक अवस्थालाई मध्यनजर गरी शिक्षामा सवैको पहूँच स्थापित गर्न, दक्ष रोजगारी सृजना हुने गरी प्राविधिक शिक्षाका विभिन्न क्षेत्र, विषयहरु अध्ययन/अध्यापन गराउन, उच्च शिक्षालाई सर्वशुलभ, बालमैत्री एवम् प्रविधिमैत्री वनाउदै शिक्षित एवम् दक्ष नागरिकहरु उत्पादन गर्न आवश्यक नीति अवलम्वन गरिने छ।

१९. जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासका लागि अवलोकन भ्रमण तथा विभिन्न निकायहरुसँग समन्वय गरी आवश्यक तालिमको व्यवस्था मिलाइनेछ।

२०. जिल्ला भित्रका सवै घरपरिवारहरुलाई स्वच्छ, सर्वसुलभ, सुरक्षित खानेपानी सेवा उपलब्ध गराउन नयाँ खानेपानी आयोजनाहरुको निर्माण, संचालित खानेपानी आयोजनाहरुको संरक्षण र मर्मत सम्भार, पानीको गुणस्तर परिक्षण, सरसफाइ सेवा विस्तार जस्ता कार्यका लागि नेपाल सरकार तथा प्रदेस सरकार समक्ष आवश्यक पहल गरिनेछ।

सभा सञ्चालन मिति २०८१।०६।९ र १० गते

२१. जिल्ला भित्र विद्युत सेवा नपुगेका स्थानहरुमा पुर्ण विद्युतिकरण आयोजना मार्फत शत प्रतिशत विद्युत सेवा विस्तार, विद्युत सेवालाई भरपर्दो र सुरक्षित बनाउन काठे पोलहरुको विस्थापन तथा सडक आसपास असुरक्षित अवस्थामा रहेका विद्युत पोलहरुको स्थानान्तरणका लागि तालुक निकायसँग समन्वय र सहजिकरण गरिनेछ।

२२. पशुजन्य उत्पादन वृद्धि गर्न घाँस खेतीको प्रवर्द्धन, पशु नश्ल सुधार, साना तथा मझौला डेरी उद्योगको प्रवर्द्धन, पशु रोग नियन्त्रण, नियमित पशु खोप जस्ता कार्यक्रम संचालन गर्न नेपाल सरकार तथा प्रदेस सरकारको ध्यानाकर्षण गरिने छ।

२३. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ र बालमैत्री स्थानीय तह घोषणा कार्यविधि २०७९ बमोजिम जिल्ला भित्र सुर्योदय नगरपालिका बालमैत्री स्थानीय तह घोषणा भइ सकेको र आ.व. २०८०/०८१ मा चुलाचुली गाउँपालिका वडा नं ३ र ५ इलाम नगरपालिका वडा नं ४ र सन्दकपुर गाउँपालिका वडा नं ३ लाइ बालमैत्री वडा घोषणा गर्न सहमती प्रदान गरिएको छ। बालमैत्री स्थानीय तह घोषणा गर्न सवै स्थानीय तहहरुबाट आ-आफ्नो बार्षिक नीति कार्यक्रममा उच्च प्राथमिकताका साथ यो अभियानमुलक कार्यक्रमलाई समावेश गरि आवश्यक श्रोत साधनको विनियोजन हुनेछ भन्ने अपेक्षा सहित वि.स. २०८४ भित्र इलाम जिल्लालाइ नै बालमैत्री जिल्ला घोषणा गर्न आवश्यक समन्वय गरिनेछ।

"विकास र संमृद्धिको आधार:  हरित, कृषि, जलश्रोत,  पर्यटन र पूर्वाधार"

# आठौ जिल्ला सभा इलाम

कोशी प्रदेश, नेपाल

सभा सञ्चालन मिति २०८१।०६।९ र १० गते

## जिल्ला सभाबाट स्विकृत बिषेश प्रस्तावहरु

१. नेपाल राष्ट्र निर्माण, राष्ट्रिय स्वाधिनता, प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, संघीयता समावेशी राज्य व्यवस्थाको प्राप्ति र त्यसैको जगमा समृद्ध राष्ट्र निर्माण गर्ने संकल्प सहित भएका बलिदानीपुर्ण आन्दोलनहरुमा त्यागका साथ प्राण उत्सर्ग गर्ने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति यो जिल्ला सभा हार्दिक श्रद्धासुमन अर्पण गर्दछ ।

२. हाल जि.स.स.को कार्यालयबाट स्थानीय तहहरुको अनुगमन मुल्यांकन गर्ने कार्यका लागि लागु भइरहेका LISA , FRA,LED र अनुगमन प्रणाली जस्ता कम्प्युटर प्रणालीमा आधारित कार्यक्रमहरु संचालन गर्न, जिल्ला सुचना केन्द्रको संचालन, कार्यालयमा जडान भएका CCTV ,sound system  जस्ता प्रविधिको संचालन गर्न विध्यमान जनशक्तिबाट मात्र सम्भव नदेखिएको अवस्था समेतलाई मध्यनजर गर्दै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ को उपनियम ३ बमोजिम आन्तरिक श्रोतबाट एक जना सुचना प्रविधि समन्वयकर्ताको व्यवस्थापन गर्न साविक बमोजिम जिल्ला समन्वय समितिको बैठकबाट प्रस्ताव गरिएको तपशिल बमोजिम कार्यक्रम स्विकृत गरियोस भन्ने प्रस्ताव पारित गरिएको ।

| क्र.सं | कार्यक्रमको नाम | बार्षिक विनियोजन | कैफियत |
|---|---|---|---|
| १ | सुचना प्रविधि व्यवस्थापन कार्यक्रम | ४,६५,०००।०० | |

३. जिल्लाको यातायात पुर्वाधार विकासका लागि मेरुदण्डका रुपमा रहन सक्ने र जिल्लाका वहुसंख्यक जनता लाभान्वित हुने सुर्योदय नगरपालिका वडा नं ५ समालबुङ- श्रीअन्तु वडा कार्यालय- फिक्कल- गोर्खे- माई जोगमाई- नयाँवजार- प्याङ- जमुना- मावु- सोमवारे- माइमजुवा- शनिश्चरे बजार- देउराली बजार-  आलुबारी- बाघखोर- त्रिवेणी- चमैता- फलाटे- पुतलिखर्क- खाम्माङ- ठिँगेपुर - आमचोक- फुएतप्पा वडा कार्यालय- सिहँदेवी मा.वि. फाकफोकथुम वडा नं ४- लुम्दे भञ्ज्याङ- नवमी -पुलामी डेरी -ढाँडगाउ- दहगाउ- बगरे- मालवासे- बाँझोगाउ- खुन्द्रुके- मावाखोला-रमिते- फुङनाम- तोरिवारी- शिखरकटेरी- मर्चेबुङ- डडिगाउ- माझिटार- अम्विसे -सितली- तिवारी भञ्ज्याङ- लेवा खोला- बेलगाडा- सु.न.पा वडा न १४-सिम्ले- बरफल्याङ- कुटीडाँडा- इरौटार- जिर्मले- सलकपुर हुदै समालवुङ  सम्मको चक्रपथ निर्माण कार्यका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्न तपशिल बमोजिम कार्यान्वयन प्रकृया अघी बढाइयोस भन्ने प्रस्ताव पारित गरिएको ।

   १. प्राविधिक टोलीले चक्रपथ निर्माण आयोजनाको दुरी यकिन गर्ने
   २. गाउँपालिका र नगरपालिकाहरुले श्रोत सुनिश्चितताको लागि जिल्ला समन्वय समितिलाइ कार्यपालिका बैठकको निर्णय सहित श्रोत सुनिश्चितता पत्र दिने
   ३. जिल्ला समन्वय समितिलाइ आवश्यक पर्ने प्राविधिक सहयोग उपलब्ध गराउने
   ४. जिल्ला समन्वय समितिको तर्फबाट सडक डिभिजन कार्यालयसँग समन्वय गरि खरिद प्रकृया अघी बढाउने
   ५. खरिद सम्झौता बमोजिमको रकमको ५२ प्रतिशत रकम ६ वटा गाउँपालिका र ४८ प्रतिशत रकम ४ वटा नगरपालिकाहरुले व्यहोर्ने ।

४. मेची लोक मार्गको इलाम नगरपालिका वडा नं. ९ मा अवस्थित राजद्धाली खण्डमा बर्षातको समयमा प्रत्येक बर्ष पहिरो  गइ  सडक अस्तव्यस्त हुने हुदा यातायातको आवागमनमा सधै समस्या भइरहने तथ्यलाई मध्यनजर

गर्दै त्यसको स्थायी समाधानका लागि विस्तृत अध्ययन गरि स्थायी रुपमा समस्या समाधानका लागि विकल्प खोज्न यो जिल्ला सभा नेपाल सरकारको पुनह ध्यानाकर्षण गर्दछ।

५. लिफ्ट प्रविधिबाट संचालित खानेपानी आयोजनाहरुमा विद्युत खपत बढी हुने हुदा विद्युत महशुल तिर्न नसकेर उपभोक्ताहरु मारमा परिरहेको हुँदा जनतालाई खानेपानीको सेवा सहज र सरल रुपमा उपलव्ध गराउन लिफ्ट खानेपानी आयोजनाहरुमा निश्चित प्रतिशत विजुलीमा अनुदान उपलव्ध गराइ दिन यो जिल्ला सभा नेपाल सरकार र प्रदेस सरकारको ध्यानाकर्षण गर्दछ।

६. नेपाल सरकार, संघीय आयोजना अन्तर्गत डिभिजन सडक कार्यालय इलामको सुपरिवेक्षणमा संचालित केचना कंचनजंघा मार्ग, दमक चिसापानी मार्ग, आत्मानन्द मार्ग, मदन भण्डारी मार्ग अन्तर्गत इलाम खण्ड र जोरकलश पशुपतिनगर पर्यटकिय सडक आयोजनाहरुमा रकम अभावका कारण कार्यप्रगति सुस्त रहेको हुँदा उपरोक्त आयोजनाहरु चाँडो सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरि दिन यो जिल्ला सभा नेपाल सरकारको ध्यानाकर्षण गर्दछ।

७. इलाम जिल्लामा संचालित धैरै खानेपानी आयोजनाहरु संघीयता कार्यान्वयनका क्रममा कार्यक्षेत्रको अन्योलताका कारण अधुरो अवस्थामा रहेका छन। राज्यको लगानी भइसकेको र जनताले प्रतिफल प्राप्त गर्न नसकेका त्यस्ता खानेपानी आयोजनाहरु संघ वा प्रदेस कुन निकायबाट संचालित हुने हो कार्यक्षेत्र टुंगो लगाइ बजेट व्यवस्था गरि आयोजना कार्यान्वयन प्रकृया अघी बढाइ दिन हुन यो जिल्ला सभा नेपाल सरकार र प्रदेस सरकारमा ध्यानाकर्षण गर्दछ।

८. जिल्लाको पश्शिमी भुभागलाइ जिल्ला सदरमुकामसँग जोडने नेपालटार मंगलवारे गजुरमुखी सडकको अवस्था अत्यन्त नाजुक भएका कारण बर्षातको समयमा आवागमनमा समस्या भइरहेको हुँदा उक्त सडकलाइ राष्ट्रिय आयोजनामा समावेश गरि सडक निर्माण आयोजना अगाडी बढाइ दिन हुन यो जिल्ला सभा नेपाल सरकारको ध्यानाकर्षण गर्दछ।

९. इलाम जिल्लाका धैरै ग्रामिण क्षेत्रहरुमा हालसम्म पनि विद्युत लाइन प्रशारणमा काठका पोलहरु प्रयोग भइरहेको देखिएको हुँदा विद्युत प्रशारणलाइ भरपर्दो र सुरक्षित बनाउन काठका पोलहरु विस्थापित गरि फलामे पोल जडान गरि दिन र विद्युत लाइन नपुगेका क्षेत्रमा विद्युतिकरण गरि दिन यो जिल्ला सभा नेपाल विद्युत प्राधिकरणको ध्यानाकर्षण गर्दछ।

१०. जिल्ला भित्र संचालित भौतिक पुर्वाधारजन्य आयोजनाहरुको गुणस्तरका सम्वन्धमा जनस्तरबाट गुनासो आइरहने हुँदा जिल्ला समन्वय समितिको कार्यालयको संस्थागत क्षमता विकास गरेर जिल्ला भित्र भौतिक पुर्वाधारजन्य कार्यहरुको प्राविधिक परिक्षण गर्न जिल्ला समन्वय समितिमा मोवाइल प्रयोगशाला संचालन गर्ने आवश्यक व्यवस्था हुन नेपाल सरकारमा यो जिल्ला सभा ध्यानाकर्षण गर्दछ।

११. जिल्ला सभाको काम कर्तव्य र अधिकारलाइ व्यवस्थित गर्न प्रदेस सभाबाट जिल्ला सभा ऐन २०७५ जारी भएता पनि जिल्ला समन्वय समितिबाट जिल्ला स्तरमा अनुगमन र समन्वय गर्दा अवलम्वन गर्नु पर्ने कार्यविधि आवश्यक देखिएको हुदा उक्त विषयहरु स्पष्ट हुने गरि जिल्ला सभा नियमावली जारी गरि दिन यो जिल्ला सभा कोशी प्रदेस सरकारको ध्यानाकर्षण गर्दछ।

सभा सञ्चालन मिति २०८१।०६।९ र १० गते

१२. ऐतिहाँसिक सुगौली सन्धिसँग जोडिएको नेपाल भारत सिमा छव्विसे बाट छिरुवा, खोला, गोदाम, छिपिटार, करफोक पुर्णे डाँडा, मागे सुन्तले, माई पुजे डाडा, नाम्सालिङ, हात्तिटार, माइवेनी, तिल्केनि हुदै माइस्थान सम्मको सडकलाइ निशान पद मार्ग नामाकरण गरियोस भन्ने पुर्वाधार विकास समितिबाट प्रस्तुत प्रस्ताव पारित गरियो ।

**पुर्वाधार विकास समितिबाट पेश भएको प्रस्ताव उपर जिल्ला सभाबाट भएको निर्णय**

१. जिल्लाको यातायात पुर्वाधार विकासका लागि मेरुदण्डका रुपमा रहन सक्ने र जिल्लाका वहुसंख्यक जनता लाभान्वित हुने सुर्योदय नगरपालिका वडा नं ५ समालबुङगोर्खे -फिक्कल -श्रीअन्तु वडा कार्यालय -- माई जोगमाई- नयाँवजार- प्याङ- जमुना- मावुमाइमजुवा -सोमवारे -- शनिश्चरे बजारआलुबारी  -देउराली बजार -- बाघखोर- त्रिवेणीचम -ैता ठिँगेपुर -खाम्माङ -पुतलिखर्क -फलाटे -- आमचोक  -फुएतप्पा वडा कार्यालय - -४फाकफोकथुम वडा नं  .वि.मा सिहँदेवीलुम्दे भञ्ज्याङ -बगरे -दहगाउ -ढाँडगाउ- पुलामी डेरी- नवमी -रमिते-मावाखोला -खुन्द्रुके -बाँझोगाउ -मालवासे- फुङनाम- तोरिवारी- शिखरकटेरी- मर्चेबुङडड -िगाउ - -१४ पा वडा न.न.सु -बेलगाडा -लेवा खोला -तिवारी भञ्ज्याङ -सितली- अम्विसे -माझिटारसिम्ले -सलकपुर हुदै समालवुङ  सम्मको चक्रपथ निर्माण कार्यका लागि  -जिर्मले -इरौटार -कुटीडाँडा -बरफल्याङ विस्तृत आयोजना प्रतिवेदन तयार गर्न तपशिल बमोजिम कार्यान्वयन प्रकृया अघी बढाइयोस भन्ने प्रस्ताव पारित गरिएको ।

क. प्राविधिक टोलीले चक्रपथ निर्माण आयोजनाको दुरी यकिन गर्ने

ख. गाउँपालिका र नगरपालिकाहरुले श्रोत सुनिश्चितताको लागि जिल्ला समन्वय समितिलाइ कार्यपालिका बैठकको निर्णय सहित श्रोत सुनिश्चितता पत्र दिने

ग. जिल्ला समन्वय समितिलाइ आवश्यक पर्ने प्राविधिक सहयोग उपलव्ध गराउने

घ. जिल्ला समन्वय समितिको तर्फबाट सडक डिभिजन कार्यालयसँग समन्वय गरि खरिद प्रकृया अघी बढाउने

ङ. खरिद सम्झौता बमोजिमको रकमको ५२ प्रतिशत रकम ६ वटा गाउँपालिका र ४८ प्रतिशत रकम ४ वटा नगरपालिकाहरुले व्यहोर्ने

२. ऐतिहाँसिक सुगौली सन्धिसँग जोडिएको नेपाल भारत सिमा छव्विसे बाट छिरुवा, खोला, गोदाम, छिपिटार, करफोक पुर्णे डाँडा, मागे सुन्तले, माई पुजे डाडा, नाम्सालिङ, हात्तिटार, माइवेनी, तिल्केनि हुदै माइस्थान सम्मको सडकलाइ निशान पद मार्ग नामाकरण गरियोस भन्ने पुर्वाधार विकास समितिबाट प्रस्तुत प्रस्ताव पारित गरियो ।

३. इलाम जिल्ला भित्रका सिचाइ खानेपानी विद्युत जस्ता पुर्वाधारजन्य कार्यालयहरुले आआफ्नो कार्यक्रमहरु - कार्यान्वयन गर्दा सम्वन्धित पालिकाहरुँसग समन्वय गरि कार्यक्रम संचालन गर्न आवश्यक समन्वय  गरिने ।

"विकास र संमृद्धिको आधार: हरित, कृषि, जलश्रोत, पर्यटन र पूर्वाधार"

# आठौ जिल्ला सभा इलाम

कोशी प्रदेश, नेपाल

सभा सञ्चालन मिति २०८१।०६।९ र १० गते

## सामाजिक विकास समितिबाट पेश भएको प्रस्ताव उपर जिल्ला सभाबाट भएको निर्णय

१. इलाम जिल्ला भित्रका बजार तथा ग्रामिण क्षेत्रमा समेत यत्र तत्र फालिएका रक्सी वियर तथा पेय पदार्थका प्लाष्टिक तथा शिशाजन्य वोतलहरुका कारण मानव स्वास्थ्य तथा जमिनको उर्वरा शक्ति घटाइ वातावरणलाइ नकारात्मक प्रभाव पारिरहेको हुदाँ इलाम जिल्लाका सबै स्थानीयतहहरु र सरोकारवालाहरु बीच समन्वय र सहकार्य गरी पेय प्रदार्थको वोतललाई व्यवस्थापन गर्न आवश्यक समन्वय र सहजिकरण गर्ने ।

२. रोङ गाउँपालिकाको क्षेत्रमा पर्ने जोरकलशमा इलाम जिल्लाको १० वटै स्थानीय तहहरुको सूचना (डिजीटल सूचना) वोर्ड तयार गर्नको लागी सामाजिक विकास समितिका सदस्यहरु तथा सबै पालिकाका प्रमुख/अध्यक्षहरु र विज्ञ टोली सहित सम्वन्धीत क्षेत्रमा स्थलगत भ्रमण र छलफलको आयोजना रोङ गाउँपालिकाले गर्ने । सो प्रकृया कार्यान्वयनमा लैजान रोङ गाउँपालिकासँग समन्वय र सहजिकरण गर्ने ।

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(त) ३ मा आश्रम केन्द्रको संचालन तथा व्यवस्थापन स्थानीय तहको काम, कर्तव्य र अधिकार क्षेत्र भित्र पर्ने हुनाले इलाम जिल्लाका सम्पूर्ण स्थानीय तहहरुको सहयोगमा इलाम नगरमा हिंसापीडित महिलाहरुका लागि आश्रय केन्द्र स्थापना, संञ्चालन तथा व्यवस्थापन गर्न आवश्यकत देखिएको हुदाँ सो आश्रय केन्द्र भवन निर्माणका लागि इलाम जिल्लाका सबै पालिकाहरुले बजेट उपलब्ध गराई सहयोग गर्न र केन्द्र सञ्चालनका लागि वार्षिक रुपमा बजेट विनियोजन समेत गर्ने व्यवस्था मिलाई दिन समन्वय गर्ने ।

४. वि.सं. २०८१ को राष्ट्रपति रनिङशिल्ड माइ नगरपालिका, २०८२ को चुलाचुली गाउँपालिका र २०८३ को सुर्योदय नगरपालिकाले आयोजना गर्ने। वि.स. १०८१ मा माइजोगमाई गाउँपालिकाले फुटवल प्रतियोगिता आयोजना गर्ने । प्रतियोगिता आयोजना गर्दा सवै स्थानीय तहहरुले अपनत्व महशुस गर्ने गरि प्रतियोगिता संचालन हुने गरि व्यवस्थापन गर्न आवश्यक समन्वय र सहजिकरण गर्ने ।

# आठौ जिल्ला सभा इलाम

कोशी प्रदेश, नेपाल

सभा सञ्चालन मिति २०८१।०६।९ र १० गते

**आर्थिक विकास समितिबाट पेश भएका प्रस्ताव उपर जिल्ला सभाबाट भएका निर्णय**

१. प्रदेस सरकार अन्तर्गत इलाम जिल्लामा रहेका कृषि ज्ञान केन्द्र तथा भेटरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्रमा दरवन्दी अनुसार पदपुर्ति नहुँदा कार्यसम्पादनमा कठिनाइ तथा जनचाहना अनुरुप सेवा प्रवाहमा समस्या देखिएको हुँदा कोशी प्रदेस सरकार तालुक मन्त्रालयसँग आवश्यक समन्वय गर्ने ।

२. कृषि ज्ञान केन्द्र भेटरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र लगायतका कार्यालयहरु बाट संचालन हुने कार्यक्रमका बारेमा जनस्तर सम्म सुचना प्रवाह हुने गरि सुचना सम्प्रेशण गर्न तालुक कार्यालयहरुसँग समन्वय र सहजिकरण गर्ने ।

३. जिल्लामा कृषि तथा पशुपालन व्यवसायको प्रवर्द्धनसँग जोडिएका डेरी उध्योगहरु दिन प्रति दिन वन्द हुदै विस्थापित हुदै गइरहेको हुँदा डेरी उध्योगहरुको संरक्षणका लागि विषेश व्यवस्था हुन नेपाल सरकार तथा प्रदेस सरकारका तालुक निकायसँग आवश्यक समन्वय गर्ने ।

४. इलाम जिल्लाका पशुजन्य उत्पादनहरुको अन्तराष्ट्रिय स्तरसम्म बजार विस्तार गर्न जिल्लालाई खोरेत मुक्त बनाउन आवश्यक देखिएको हुँदा खोरेत रोग उन्मुलन कार्यक्रममा जिल्लाका सवै पालिकाहरुलाई समावेश गरि कार्यक्रम संचालन गर्न आवश्यक श्रोत साधनको व्यवस्थाका लागि प्रदेस सरकार समक्ष समन्वय गर्ने ।

५. इलाम जिल्लामा अलैची खेतीको प्रवर्द्धनका लागि लागु अलैची जोन कार्यक्रममा सिमित पालिकाहरुलाई समेटिएको हुदा क्षेत्र विस्तार गरि सवै पालिकाहरुलाई यस कार्यक्रममा समावेश गर्न सुपर जोन कार्यक्रम लागु गरि दिन तालुक निकायसँग समन्वय गर्ने ।

६. लम्फि स्किन रोगबाट इलाम जिल्लाका धेरै किसानहरुको पशुधन क्षति भएको हुँदा प्रभावित किसानहरुलाई राहतको व्यवस्था गरि दिन नेपाल सरकारको ध्यानाकर्षण गर्ने

"विकास र संमृद्धिको आधार: हरित, कृषि, जलश्रोत, पर्यटन र पूर्वाधार"

# आठौ जिल्ला सभा इलाम

कोशी प्रदेश, नेपाल

सभा सञ्चालन मिति २०८१।०६।९ र १० गते

**आन्तरिक श्रोत बाट शुल्क लिने सम्वन्धमा।**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९३ उपदफा(२) मा नेपाल सरकार प्रदेस सरकार र अन्य श्रोतबाट प्राप्त रकम जिल्ला सभाको कोषमा जम्मा गरिने छ भन्ने प्रावधान रहेको देखिन्छ। सोहि ऐनको दफा ९२ उपदफा (३) मा जिल्ला सभाले आफ्नो अधिकार क्षेत्रका विषयमा वार्षिक कार्यक्रम तथा बजेट बनाइ जिल्ला सभाबाट पारित गरी लागू गर्नुपर्नेछ भन्ने उल्लेख छ। जिल्ला समन्वय समितिको स्वामित्वमा रहेका सम्पतिहरुको उपयोग गरेवापत आर्जन हुने शुल्क अन्य श्रोत अर्न्तगत जिल्ला सभाको कोषमा रहने कानूनको मनसाय रहेको देखिन्छ।

जिल्ला समन्वय समितिलाई प्रयाप्त बजेट प्राप्त नभएको अवस्थामा जिल्ला समन्वय समितिको आफ्नै स्वामित्वमा रहेको भवनहरु सुरक्षा र संरक्षणका लागि भवन र हलहरु न्यूनतम भाडामा उपलब्ध गराइ सोबाट प्राप्त आम्दानी सोही भवनहरुको सरसफाई संरक्षण मर्मत तथा संभार र सुधार कार्यको लागि खर्च गर्न साथै अन्य सिफारिस दस्तुरहरु सोही कार्य प्रयोजनका लागि स्टेशनरी मसलन्द एंव प्रशासनिकमा खर्च हुने हुँदा सोको स्वीकृति सहित देहाय बमोजिम शुल्क निर्धारण गर्नु पर्ने देखिन्छ।

**तपशिल**

**भवन भाडा नियमानुसार**

१ समीक्षाहल भाडा :- रु ४,५००।- प्रतिदिन

२ सभाहल भाडा :- रु ३,५००।- प्रतिदिन

३ व्यक्तिगत सिफारिस :- रु १५०।- प्रतिव्यक्ति

४ संस्थागत सिफारिस :- रु ५००।- प्रतिसस्था

५ संघ संस्था उपभोक्ता समितिको खाता वन्द सिफारिस शुल्क:- रु ३००।- प्रतिसस्था

६ जिल्ला दररेट प्रतिलिपि उतार कितावको दस्तुर :- रु १०००।- प्रतिगोटा

७ सम्पूर्ण कोष प्रमाणित प्रतिलिपी शुल्क :- रु १००।- प्रति प्रतिवेदन

८ माथि उल्लेख भए बाहेक अन्यको हकमा :- रु १००।-

माथि प्रकरण (१) मा उल्लेखित आधार र कारण बमोजिम चालु आर्थिक वर्ष २०८१।०८२ देखि जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको भवन तथा हल भाडामा लगाउन र उपयोगका अन्य विविध सेवा शुल्क दस्तुरहरु लिन र खर्च गर्नको लागि मिति २०८१।०६।०९ को जिसस वोर्ड बैठकबाट स्वीकृतिका लागि सभामा पेश गर्ने निर्णय भए अनुसारको प्रस्ताव स्वीकृतिको लागि सभामा पेश भएको प्रस्ताव पेश भए अनुसार पारित गरियो।

"विकास र संमृद्धिको आधार: हरित, कृषि, जलश्रोत, पर्यटन र पूर्वाधार"

# आठौ जिल्ला सभा इलाम

कोशी प्रदेश, नेपाल

सभा सञ्चालन मिति २०८१।०६।९ र १० गते

**<u>सभामा पेश गरिएको आ.व. २०८०/०८१ मा जिल्ला समन्वय समितिको कार्यालयबाट सम्पादन गरिएका मुख्य मुख्य कामहरुको विवरण</u>**

१. आ.व. २०८०/०८१ मा जिल्ला समन्वय समितिको मासिक बैठक २३ पटक वसी विभिन्न निर्णय गरिएको ।

२. मिति २०८०।०६।०८ देखि १० गते सम्म समिक्षा बैठक र मिति २०८०।६।११ र २६ गते जिल्ला सभा बैठक बसेको ।

३. इलाम जिल्लाका १० वटै पालिकामा कार्यरत सहायक र अधिकृत स्तरका कर्मचारीहरुको कार्य सम्पादन मुल्याङ्कन फाराममा पुनरावलोकन कर्ता र पुनरावलोकन समिति बाट कर्मचारीहरुको कामको मुल्याङ्कन गरिएको ।

४. इलाम जिल्लाका दश वटै स्थानीयतहरुका LISA , FRA र LED का फोकल पर्सन कर्मचारीहरुलाई पालिकास्तरमै स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA) , स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) र स्थानीय आर्थिक विकास LED सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको ।

५. नगरपालिका तथा गाउँपालिकाहरुको माग वमोजिम नदी जन्य प्रदार्थ उत्खनन् संकलन र विक्री सम्वन्धी जिल्ला अनुगमन समितिको बैठक वसि राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति खुमलटार ललितपुरमा सिफारिस गरिएको ।

६. विभिन्न संघ संस्थाहरुबाट समन्वयको लागि समन्वय गरिदिनु भनी आएको अनुरोध बमोजिम आवश्यकता अनुसार समन्वय गरिएको ।

७. जिल्लाका सवै स्थानीय तहहरुबाट संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) , स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) र स्थानीय आर्थिक बिकास LED सम्वन्धी तथ्याङकहरु Online माध्यमबाट प्राप्त गरी आवश्यक पृष्ठपोषण प्रदान गरिएको ।

८. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ र बालमैत्री स्थानीय तह घोषणा कार्यविधि २०७९ बमोजिम आ.व. २०८०/०८१ मा चुलाचुली गाउँपालिका वडा नं ३ र ५ इलाम नगरपालिका वडा नं ४ र सन्दकपुर गाउँपालिका वडा नं ३ ले बालमैत्री वडा घोषणा गर्न पुरा गर्नु पर्ने न्युनतम सुचकहरु पुरा गरि सकेको हुँदा घोषणाका लागि सहमति प्रदान गरि दिन हुन भनि लेखि आए अनुसार जिल्ला अनुगमन समितिबाट अनुगमन भै सिफारिश भइ आए अनुसार माथी उल्लेखित वडाहरुलाई बालमैत्री वडा घोषणा गर्न सहमति प्रदान गरिएको ।

९. जिल्ला समन्वय समिति इलामका प्रमुखज्यू को नेतृत्वमा सडक डिभिजन कार्यालय इलामबाट निर्माण कार्य भइरहेको आत्मानन्द मार्ग र रेड पाण्डा नेटवर्कबाट जौबारी क्षेत्रमा भइरहेको रेड पाण्डा संरक्षण तथा वृक्षारोपण कार्यको अनुगमन गरि अनुगमनका क्रममा देखिएका विषयहरु समेटी जिल्ला समन्वय समितिको तर्फबाट प्रतिवेदन सहितको पृष्ठपोषण सम्वन्धित निकायमा पठाइएको